प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

**प्रदेश नं. २ भित्र रहेका सिमेन्ट उद्योग हरुलाई प्राकृतिक स्रोत उपयोग शुल्क लगाउने/उठाउने सम्बन्धमा अत्यन्त जरुरी सूचना**

प्रदेश नं. २, आर्थिक ऐन, २०७५ को दफा ६ को प्रतिवन्धात्मक वाक्यांश र अनुसुची ४ को देहाय ५ र ६ मा प्राकृतिक स्रोत उपयोग वापतको शुल्क सम्बन्धमा तपसिल बमोजिम ब्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बद्ध उद्योगहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

**अनुसुची ४ को देहाय ५ र ६ मा भएको ब्यवस्थाः**

| सि.नं. | ब्यवस्था |
|---|---|
| ५ | खानीजन्य वस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तः शुल्क बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । |
| ६ | खानीजन्य वस्तुहरुको उपयोग गरी क्लिङ्कर उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । |

**दफा ६ को प्रतिवन्धात्मक वाक्यांशमा भएको ब्यवस्थाः**

माथि जुनसुकै कुरा लेखिएको भएता पनि अनुसुचि-४ को सि. नं. ५ र ६ मा उल्लेखित शुल्कको प्रशासन प्रदेश सरकारले तोके बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

*(आर्थिक ऐन, २०७५ को पूर्ण विवरण यस मन्त्रालयको Website:* ***moeap.p2.gov.np*** *मा हेर्नु सक्नुहुनेछ ।)*